मिति :-२०७८/०१/०१४

स्थान :- चौरजहारी नगरपालिका कार्यालय

समय :- विहाना ठीक १०:०० बजे

आज मिति २०७८/०१/१४ गते यस नगरपालिकाका नगर प्रमुख एवम् विपद् व्यवस्थापन समितिका संयोजक विशाल शर्माज्यूको अध्यक्षतामा वसेको विपद् व्यवस्थापन समितिको वैठकले तपसिलमा उल्लेखित पदाधिकारिहरुको उपस्थितिमा उल्लेखित निर्णय गरियो ।

तपसिल

उपस्थिति :

| | | | |
|---|---|---|---|
| नगर प्रमुख | श्री विशाल शर्मा | संयोजक | |
| नगर उपप्रमुख | श्री राधा रोका | सदस्य | |
| प्रमुख प्रशासकीय अधिकृत | श्री राम वहादुर के.सी | सदस्य | |
| इलाका प्रहरी कार्यालय प्रमुख | श्री कृष्ण डांगी | सदस्य | |
| स्वास्थ्य तथा सामाजिक विकास शाखा प्रमुख | श्री राम कुमार गौतम | सदस्य | |
| चौरजहारी अस्पताल प्रशासन प्रमुख | श्री डिल वहादुर गिरी | सदस्य | |
| शितल मा.वि. प्रधानाध्यापक | श्री यदु राना | सदस्य | |
| वातावरण तथा विपद् व्यवस्थापन इकाई | श्री विजय विष्ट | सदस्य सचिव | |

मिति २०७८/०१/१४ गतेको विपद् व्यवस्थापन समितिको बैठकमा पेश भएका प्रस्ताव तथा निर्णयहरु

(क) प्रस्तावहरु :-

१. विपद् सम्बन्धी सम्पादित कार्यहरु एवम् कोभिड -१९ महामारी रोकथाम, नियन्त्रण र उपचार सम्बन्धी कार्यहरुको समीक्षा गर्ने सम्बन्धमा ।

२. कोभिड -१९ महामारीको दोस्रो लहर रोकथाम, नियन्त्रण र उपचार सम्बन्धमा ।

३. आगलागिको कारण एवम् विपद् सम्बन्धी अन्य घटनाले घरवारविहिन भएका घरपरिवारको आवास निर्माण सम्बन्धमा ।

४. विविध

(ख) निर्णयहरु :-

१. हालसम्म विपद् सम्बन्धी सम्पादित कार्यहरु एवम् सोको निर्णयहरुको कार्यान्वयनको अवस्था सम्बन्धमा छलफल गरियो । कोभिड -१९ महामारी रोकथाम, नियन्त्रण र उपचार सम्बन्धमा संघीय सरकार, प्रदेश सरकार, जिल्ला विपद् व्यवस्थापन समिति (DDMC), जिल्ला कोभिड -१९ संकट व्वस्थापन केन्द्र (DCCMC) ले हालसम्म गरेका निर्णयहरुको कार्यान्वयनको अवस्थाको समीक्षा भयो । कोभिड -१९ महामारीको दोस्रो लहर यस नगरपालिकाम फैलिन नदिन नगरपालिकाले कार्यान्वयन गर्नुपर्ने सम्पूर्ण निर्णयहरु कडाईपूर्वक कार्यान्वयन गर्ने तथा गराउने । यसको लागि यसअघि क्रियाशिल सम्पूर्ण संयन्त्रहरु (वडा कार्यालयहरु, वडा विपद् व्यवस्थापन समिति, Quick Response Team (QRT), CICT Team, स्वास्थ्य संस्था, आपतकालिन कार्यसंचालन केन्द्र, नगर प्रहरी, स्वयंसेवक लगायत) थप सक्रिय हुने एवम् आफ्नो कार्यशर्तगत जिम्मेवारी अनुसार Alert अवस्थामा रहि महामारीको सामना गर्ने निर्णय गरियो ।

२. कोभिड -१९ महामारीको दोस्रो लहर रोकथाम, नियन्त्रण र उपचारको सन्दर्भमा देहाय बमोजिम गर्ने तथा गराउने ।

(क) भारत लगायतका देशहरुबाट आएका व्यक्तिहरु अनिवार्य कम्तिमा १० दिन होम क्वारेन्टिनमा बस्ने व्यवस्था सम्बन्धित वडा कार्यालयले मिलाउने । यस कार्यमा सम्बन्धित वडाका स्वास्थ्य संस्था, सामुदायिक तथा संस्थागत विद्यालय, नगर प्रहरी र नेपाल प्रहरीले आवश्यक सहयोग, सहजीकरण र समन्वय गर्ने ।

(ख) होम क्वारेन्टिनमा बसेका व्यक्तिहरुमा कोभिड -१९ का कुनै चिन्ह, लक्षणहरु देखापरेमा तुरुन्त एन्टिजेन परीक्षण वा पिसिआर परीक्षणको व्यवस्था स्वास्थ्य तथा समाजिक विकास शाखाले मिलाउने । यसको लागि सोको सूचना सम्बन्धित वडा कार्यालय र वडास्थित स्वास्थ्य संस्थाले स्वास्थ्य तथा सामाजिक विकास शाखामा वा वातावरण तथा विपद् व्वस्थापन इकाईमा उपलब्ध गराउने ।

(ग) कोभिड -१९ सङ्क्रमित व्यक्तिहरुलाई होम आइसोलेसनमा राखि वडास्थित स्वास्थ्य संस्था, सम्बन्धित वडा कार्यालय र CICT टोलिले निरन्तर निगरानी राखि निजको स्वास्थ्य

अवस्थाको बारेमा जानकारी लिने । स्वास्थ्यमा जटिलता देखिएमा चौरजहारी अस्पतालमा रहेको आईसोलेसनमा ल्याउने व्यवस्था CICT टोली, नगर प्रहरी र इलाका प्रहरी कार्यालयले मिलाउने । यसको संयोजक एवम् समन्वय स्वास्थ्य तथा सामाजिक विकास शाखाले गर्ने । बिरामीलाई आइसोलेसन सेन्टरमा ल्याउन नगरपालिकामा रहेका दुईवटा एम्बुलेन्सलाई तयारी अवस्थामा राख्ने । बिरामी बोकी सकेपछि एम्बुलेन्स Disinfection को व्यवस्था स्वास्थ्य तथा सामाजिक विकास शाखाले मिलाउने ।

(घ) कोभिड -१९ रोकथाम, नियन्त्रण र उपचारको कार्यमा खटिने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी एवम् अन्य व्यक्तिहरुको स्वास्थ्य सुरक्षाको लागि आवश्यक स्वास्थ्य सुरक्षा सामग्रीहरु (पिपिइ, थर्मल गन, N 95 मास्क, सर्जिकल मास्क, आकस्मीक औषधीहरु, पन्जा लगायत) तयारी अवस्थामा राख्ने ।

(ङ) चौरजहारी नगरपालिका वडा नं. २ स्थित पिसिआर परीक्षण प्रयोगशाला पुनः नियमित रुपमा सञ्चालन गर्न आवश्यक बजेट व्यवस्थाको लागि कर्णाली प्रदेश सरकार एवम् संघीय सरकार समक्ष लेखि पठाउने ।

(च) चौरजहारी अस्पतालमा रहेको आइसोलेसन केन्द्रका अतिरिक्त सेवा केन्द्रमा रहेको आइसोलेसन केन्द्र र कोटजहारी प्राथमिक केन्द्रमा समेत यसअघि तोकिए बमोजिम आइसोलेसन वार्डहरु तयारी अवस्थामा राख्ने । यसको जिम्मा सम्बन्धित आइसोलेसन रहेका स्वास्थ्य संस्थाले लिने ।

(छ) कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (CCMC) को निर्णय अनुरुप नै अर्को व्यवस्था नभएसम्मको लागि भर्च्यूल माध्यम वा वैकल्पिक सिकाई सहजीकरण विधि अनुरुप बाहेक विद्यालयमा विद्यार्थीको भौतिक उपस्थितिमा हुने पठनपाठन बन्द गर्ने । सञ्चालनमा रहेका तथा अब सञ्चालन हुने सबै परीक्षाहरु समेत अर्को व्यवस्था नभएसम्म स्थगित गर्ने ।

(ज) कोभिड-१९ रोकथाम, नियन्त्रण र उपचारको कार्यमा प्रत्यक्ष रुपमा खटिने स्वास्थ्यकर्मी, सहयोगी कर्मचारीहरुलाई यसअघिकै निर्णय र व्यवस्था अनुसार जोखिम भत्ता उपलब्ध गराउने । यो व्यवस्था आइसोलेसन केन्द्र, पिसिआर परीक्षण प्रयोगशालामा खटिने स्वास्थ्यकर्मी तथा कर्मचारी, CICT टोली, कोरोना सङ्क्रमितलाई आइसोलेसन केन्द्रमा ल्याउन खटिने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, कोरोना भाइरस सङ्क्रमित व्यक्तिको मृत्यु भएमा उक्त लास व्यवस्थापनमा खटिने व्यक्तिहरु एवम् यस्तै किसिमका जोखिमपूर्ण कार्यमा खटिने व्यक्तिहरुको हकमामात्र लागू हुनेछ ।

(झ) कोरोना भाइरस रोकथाम, नियन्त्रण र उपचार सम्बन्धी सचेतनामूलक सूचना तथा सन्देशहरु सञ्चार माध्यमबाट प्रसारण गर्ने । पर्चा, पम्प्लेट, होर्डिङ बोर्ड बनाएर प्रचारप्रसार गर्ने ।

(ञ) माथि उल्लेखित कार्य गर्ने गरी जिम्मेवारी तोकिएका निकायहरु (वडा कार्यालयहरु, स्वास्थ्य संस्था, स्वास्थ्य तथा सामाजिक विकास शाखा, शिक्षा, युवा तथा खेलकुद शाखा, नगर प्रहरी, वातावरण विपद् व्यवस्थापन इकाई इत्यादि) ले उल्लेखित कार्यहरु कडाईपूर्वक गरी तथा गराई दैनिक रुपमा नगरपालिकामा रिपोर्टिङ गर्ने ।

३. विपद्को कारण घर संरचना नस्ट भई घरवारविहिन भएका देहायका घरपरिवारलाई आवास निर्माण गर्न थप राहतको लागि जिल्ला विपद् व्यवस्थापन समिति समक्ष सिफारिस गरी पठाउने :-

| क्र.सं. | विपद् पिडित घरपरिवारको विवरण | ठेगाना | विपद्को प्रकृति | अन्दाजी क्षति रकम रु | कैफियत |
|---|---|---|---|---|---|
| १. | शमसेर बहादुर सार्की | चैरजहारी नगरपालिका वडा नं. १४, रुकुम (पश्चिम) | आगलागि | ६,००,०००/- | |

४. मिति २०७७/११/१८ गतेदेखि मिति २०७८/०१/१३ गतेसम्म विभिन्न प्रकोप पिडित घरपरिवारलाई वितरण गरिएको राहत रकम रु. १५,०००/- (पन्ध्र हजारमात्र) र आर्थिक सहायता रकम रु. १०,०००/- (दश हजारमात्र) अनुमोदन गरियो ।

५. देहाय बमोजिम हुने गरी PTT गठन गरी परिचालन गर्ने :-

(क) जनस्वास्थ्य अधिकृत सातौं श्री रामकुमार गौतम -संयोजक

(ख) इलाका प्रहरी कार्यालय प्रमुख श्री कृष्ण डाङ्गि -सदस्य

(ग) वातावरण तथा विपद् व्यवस्थापन इकाई प्रमुख श्री बिजय विष्ट -सदस्य

६. देहाय बमोजिमको RRT टोली गठन गरी परिचालन गर्ने :-

(क) प्रमुख प्रशासकीय अधिकृत श्री रामबहादुर के.सी. -संयोजक

(ख) इलाका प्रहरी कार्यालय प्रमुख श्री कृष्ण डाङ्गि -सदस्य

(ग) स्वास्थ्य सहसंयोजक श्री डण्डप्रसाद शर्मा -सदस्य

(घ) नगर प्रहरी सहायक निरीक्षक श्री दिपेन्द्र कुमार बटाला -सदस्य

(ङ) अनमी श्री टिकेश्वरी शर्मा -सदस्य

७. चौरजहारी सामुदायिक अस्पतालमा अक्सिजन प्लान्ट स्थापनाको लागि प्रदेश सरकार समक्ष लेखि पठाउने । सो स्थापना नहुञ्जेलसम्मको लागि कम्तिमा ३०० वटा अक्सिजन सिलिन्डर, ३० वटा

अक्सिजन कन्सनट्रेटर र १०० वटा पल्स अक्सिमिटर उपलब्ध गराईदिन प्रदेश सरकार समक्ष लेखि पठाउने ।

८. आइसोलेसनमा भर्ना भएका बिरामीको खाना खाजा खर्च सम्बन्धित बिरामीले नै व्यहोर्ने व्यवस्था मिलाउने ।

बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो ।